**बैठक नं. ५४**

आज मिति २०७६/१०/१९ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिउँसो ३:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणि शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

तिल प्रसाद श्रेष्ठ - का वा अध्यक्ष -३

**प्रस्ताव नं.५४.१**

लैंगिक हिंसामुक्त रणनीतिक कार्ययोजना स्वीकृत सम्बन्धमा ।

**निर्णय नं.५४.१**

लैंगिकमैत्री शहर बुटवल उपमहानगर बनाउने अभियानलाई सार्थक बनाई बुटवल उपमहानगरपालिकालाईलैङ्गिक हिंसामुक्त शहरको अवस्थामा पुऱ्याउन तयार गरिएको लैंगिक हिंसामुक्त बुटवल रणनीतिक कार्ययोजना,२०७६ पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५४.२**

योजना तथा कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७४ संशोधन सम्बन्धमा ।

**निर्णयनं. ५४.२**

पूर्वाधार विकास कार्यकम तथा आयोजनाहरुको कार्यान्वयन व्यवस्था एंव प्रणालीलाई व्यवस्थित एंव प्रभावकारी ढंगबाट सञ्चालन गरी बुटवल उपमहानगरपालिकाले लिएको वार्षिक लक्ष्य तथा उद्देश्य प्राप्त गर्नको लागि तोकिएको समयभित्र अनुशासित एंव योजनाबद्ध तरिकाबाट सम्पादन गर्दै कार्यान्वयनलाई सरल र सहज बनाउन सापेक्षित रुपमा विद्यमान प्रक्रियामा परिमार्जन गर्दै लैजानु पर्ने देखिएकोले बुटवल उपमहानगरपालिकाबाट स्वीकृत योजना तथा कार्यकम कार्यान्वयन कार्यविधि , २०७४ को देहायको बुंदामा देहाय बमोजिम थपघट गरी संशोधन गर्ने निर्णय गरियो ।

- अनुसूची ५ को ग को बुदा नं. ३ मा "सडक पिच निर्माण ४ मी. भन्दा बढी" को सट्टा आवश्यकता र सडक मापदण्ड अनुरुप भन्ने वाक्यांश राख्ने ।

**प्रस्ताव नं. ५४.३**

टोल विकास संस्था समन्वय समिति गठन तथा परिचालन सम्बन्धी निर्देशिका,२०७४ संशोधन सम्बन्धमा ।

**निर्णय नं. ५४.३**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाद्वारा मिति २०७४ फाल्गुण २९ गते जारी गरिएको टोल विकास संस्था समन्वय समिति गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७४ मा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| नियम १ (क) "टोल विकास संस्था समन्वय समिति गठन तथा परिचालन सम्बन्धी निर्देशिका २०७४" | "टोल विकास संस्था समन्वय समिति गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७४ (पहिलो संसोधन), २०७६" | पहिलो संशोधन गरिएको |

| | | |
|---|---|---|
| नियम २ (घ) मा "कार्यकारी अधिकृत " | "प्रमुख प्रशासकीय अधिकृत"बनाउने | हालको अवस्थामा पद परिवर्तन भएकोले |
| नियम २ (च) मा "टोल विकास संस्था" भन्नाले शहरी समाज परिचालन प्रक्रिया मार्फत टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास गर्न तोकिएको भौगोलिक क्षेत्र भित्र रहेका उप महानगरपालिका वडा न. १ देखि १३ सम्मको हकमा कम्तीमा १०० घरधुरी तथा वडा नं १४ देखि १९ को हकमा कम्तीमा १०० घरधुरी एवं बढीमा ५०० घर धुरी परिवार समेटी "एक परिवार एक सदस्य" को अवधारणामा गठन भईबुटवलउपमहानगरपालिकामा दर्ता भएको सामुदायिक संस्थालाई जनाउने छ। | "टोल विकास संस्था" भन्नाले शहरी समाज परिचालन प्रक्रिया मार्फत टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास गर्न तोकिएको भौगोलिक क्षेत्र भित्र रहेका उप महानगरपालिका वडा न. १ देखि १३ सम्मको हकमा कम्तीमा १०० घरधुरीसम्म र वडा नं १४ देखि १९ सम्मको हकमा कम्तीमा ५०घरधुरी सम्म समेटिएर "एक परिवार एक सदस्य" को अवधारणामा गठन गरी अनुसूची१ बमोजिमको ढाँचामा संस्थाबाट पास भएको विधान सहित बुटवल उप महानगरपालिकामा दर्ता भइ अनुसूची २ बमोजिमको प्रमाणपत्र जारी भएको सामुदायिक संस्थालाई टोल विकास संस्था भनिनेछ। | वडामा बस्ती अनुसारको घरधुरी मिलाउनु पर्ने भएकाले। |
| नियम २(झ) बुँदा थप गरिएको | नियम २(झ) मा टोल विकास संस्थाको कार्यकाल ३ बर्षको हुनेछ। | हालसम्म टोल विकास संस्थाको कार्यकाल उल्लेख न[illegible] । |
| नियम ४ मा<br>(घ) जेष्ठ नागरिक मंचको वडा संयोजक - सदस्य<br>(ङ) बाल क्लबको वडा संयोजक - सदस्य<br>(च) सम्बन्धित वडा कार्यालयको सचिव - सदस्य | नियम ४ को (घ) , (ङ) (च) को व्यवस्था खारेज गरिएको। | यी बुँदामा छुट्टै प्रावधान भएकाले यी बुदा आवश्यक नदेखिएको। |

प्रस्ताव नं. ५४.४

योजना छनौट सम्बन्धमा।

निर्णयनं. ५४.४

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,स्थानीय पूर्वाधार विभाग प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम कार्यक्रम समन्वय इकाई, ललितपुरको आयोजना/कार्यक्रम, प्रस्ताव आव्हान सम्बन्धी मिति २०७६/०९/२१ गतेको सूचना अनुसार प्रादेशिक एंव स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि,२०७६ मा व्यवस्था भए बमोजिम गुणस्तरीय तथा सुरक्षित सडक सञ्जालको विस्तार गरी स्थानीय तहबाट प्रवाह हुने सेवासम्म जनताको सहज पहुंच पुर्याउने, रोजगारी सिर्जना गर्ने,दुई भन्दा बढी स्थानीय तहको आर्थिक र सामाजिक रुपान्तरणमा सहयोग पुर्‍याउने देखिएको, तुलनात्मक रुपमा उच्च प्रतिफल प्राप्त हुने र अधिकतम जनसमुदायलाई सेवा पुग्ने देखिएका तथा सामाजिक,वातावरणीय दृष्टिकोणले समेत उपर्युक्त देखिएको हुंदा नगरक्षेत्रभित्र पूर्वाधार विकास निर्माणका अतिरिक्त मानवीय चेतना एंव क्षमता विकासको लागि नगरको श्रोतले मात्रै वर्तमान र भविष्यको आवश्यकता पूरा हुन सक्ने नदेखिएको हुंदा संघीय सरकारको प्रादेशिक एंव स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रममादेहायको आयोजना प्रस्ताव गरी प्रदेश सरकार ,भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं. ५ बुटवल मार्फत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा बजेट व्यवस्थाको लागि पठाउने निर्णय गरियो।

**क.सं.** **योजनाको नाम**

१.योगिकुटी - मगरघाट-कर्साघाटहुदै सैनामैना नगरपालिका जोड्ने सिमा सडक (बुटवल उपमहानगरपालिका,तिलोत्तमा नगरपालिका र सैनामैना नगरपालिका)

प्रस्ताव नं. ५४.५

नदीजन्य पदार्थ व्यवस्थापन तथा नियमन कार्यविधि,२०७६ टेबुल गर्ने सम्बन्धमा।

निर्णय नं. ५४.५

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ (क) बमोजिम बुटवल उपमहानगरपालिकाको आर्थिक ऐन,२०७६ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी यस उपमहानगरपालिकाको आय स्रोतको रुपमा रहेको नदीजन्य पदार्थहरु जस्तै ढुंगा,बालुवा,गिट्टी मिस्कट र भस्कट जस्ता प्राकृतिक स्रोतको दीगो व्यवस्थापन एवं सदुपयोग गर्दै नगरपालिकाको आय बन्दोबस्ती समेत गर्न नदीजन्य पदार्थ व्यवस्थापन एवं अनुगमन सम्बन्धी कार्यविधि,२०७६ स्वीकृतिका लागि प्रस्ताव भई आएको हुंदा उक्त कार्यविधिलाई आजको बैठकमा टेवुल गरियो।

**प्रस्ताव नं. ५४.६**

अटो भिलेजको जग्गा लिज बहाल सम्झौता सम्बन्धमा ।

**निर्णय नं. ५४.६**

राजश्व परामर्श समितिको सिफारिस र अटो भिलेज क्षेत्रको बहाल संझौताका लागि बुटवल उप महानगरपालिकाको मिति २०७५/०९/२४ को निर्णय बमोजिम गठित कार्यदलले पेस गरे बमोजिमको संझौताको मस्यौदामा रहेको केही बिषयहरुमा परिमार्जन गरी संझौता अवधि २० बर्ष कायम गर्ने गरी प्रस्ताव भएको देहायको संझौताको शर्तहरुमा सारभूत रुपमा प्रतिकुल प्रभाव नपर्ने गरी सम्झौता गर्ने निर्णय गरियो ।

बुटवल उप-महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बुटवल, रुपन्देही

**सम्झौता-पत्र**

**जग्गा बहाल सम्बन्धी शर्त तथा प्राबधानहरु**

बुटवल उपमहानगरपालिकाले शहरी वातावरण कायम गर्न, नगरको स्वच्छता कायम गर्न, व्यवसायिक एकता र व्यवसायिक प्रतिस्पर्धा कायम गराई उपभोक्ताहरुको छनौटको अधिकारलाई सम्मान गर्ने उद्देश्यले विगतमा नगरका विभिन्न क्षेत्रमा यत्रतत्र छरिएका अटो व्यवसायलाई बुटवल उपमहानगरपालिकाको वडा नं. २ र ११ स्थित उजीरसिंह नगर अटो भिलेज (मैनावगर) क्षेत्रमा व्यवस्थापन गरी वजारको विशिष्टिकरण गर्ने र उक्त क्षेत्रलाई अनन्तकालिन अटो व्यवसायको केन्द्रको रुपमा विकास र विस्तार गर्ने नीतिलाई आत्मसात गरी विगतमा अटो इन्जिनियरिङ एशोसियसन संग भएको सहमती र सहकार्यलाई अझ घनिभूत रुपमा अगाडी बढाउदै लैजान बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिएको) र ..................जिल्ला......................पालिका घर भई .................बस्ने वर्ष .......को श्री .......................को नाती/बुहारी ...................को छोरा/छोरी/पत्नी श्री......................(यसपछि दोश्रो पक्ष भनिएको) संग देहाय बमोजिमको शर्तहरुको अधिनमा रही तपसिलमा उल्लेखित साक्षीहरुको रोहवरमा पहिलो पक्षको कार्यालयमा बसी व्यवसाय प्रयोजनका लागि जग्गा भाडा लिज संझौता गरी एक/एक प्रति लियौं दियौं ।

१. प्रथम पक्षले पालन गर्नुपर्ने शर्तहरु:

क. दोश्रो पक्षले लिज संझौता गरी लिएको प्लटमा विगत संझौता वमोजिम निर्माण भएको संरचना जे जस्तो अवस्थामा छ, सोही अवस्थाको व्यवस्थित अभिलेखीकरण गरिदिनु पर्नेछ । नयाँ संरचना निर्माण गर्नुपरेमा स्वीकृत मापदण्ड भित्र रहेर नाप नक्शा स्वीकृत गर्नु पर्नेछ ।

ख. दोश्रो पक्षलाई आवश्यक खानेपानी विद्युत जस्ता आधारभूत सेवाहरु निर्वाध रुपमा संचालनका लागि सम्बन्धित लाइन एजेन्सीहरु संग प्रथम पक्षले समन्वय गर्नु पर्नेछ ।

ग. यस संझौता वमोजिम संझौता अवधि समाप्त भए पछि दोश्रो पक्षले सो क्षेत्रमा व्यवसाय गर्न नचाहेमा वा संझौता नविकरण गर्न नचाहेमा निजले मापदण्ड बमोजिम अनुमति लिई निर्माण गरेको संरचना ( संरचनामा जडित मेसिन उपकरण दोश्रो पक्ष स्वयंले नै लैजाने) लैजान चाहेमा लैजान पाउने र लैजान

नचाहेमा बुटवल अटो इन्जिनियरिङ एशोसियसन संगको समेत सहमतीमा तय हुने मूल्य वा प्रचलित कानून बमोजिम चलन चल्तीको मूल्य कायम गरी उल्लेखित मूल्यमा सकार गर्ने वा सो मुल्यमा अटो व्यवसायीलाई मात्र दायित्व सहित संरचना हस्तान्तरण गर्ने व्यवस्था गर्नु पर्नेछ ।

घ. दोश्रो पक्ष संग जग्गा वहाल कर लिन पाईने छैन ।

ङ. प्रथम पक्षले बहाल संझौता दायित्व परिवर्तन गर्दा बुटवल अटो इन्जिनियरीङ एशोसियसनको सिफारीस समेतका आधारमा गर्नुपर्नेछ ।

च. दोश्रो पक्षले यस संझौता बमोजिमको एक आर्थिक वर्षको वहाल रकम सोही आ.व.को श्रावण मसान्त भित्र बुझाएमा प्रथम पक्षले बहाल रकममा सो वर्षका लागि १५ प्रतिशत छुट दिइनेछ ।

छ. प्रथम पक्षले दोश्रो पक्ष संग गरिएको संझौताको अधिनमा रहि वहाल संझौतामा उल्लेखित जग्गा वाहेक सो जग्गामा निर्मित संरचना र जडित मेसिनरी औजारको आधारमा वैंक तथा वित्तिय संस्थाको नियम अनुसार वित्तिय कारोवारका लागि आवश्यक सिफारिस गरिनेछ ।

२. दोश्रो पक्षले पालन गर्नुपर्ने शर्तहरुः

क. दोश्रो पक्षले जुन प्रयोजनका लागि जग्गा लिजमा लिएको हो सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नु पर्नेछ । आफ्नो व्यवसाय स्वंयले नै संचालन गर्नु पर्नेछ । आफुले लिएको जग्गा खण्डिकरण गर्नु परेमा प्रथम पक्षको पूर्व सहमती लिनुपर्नेछ । अन्यथा प्रथम पक्षले धरौटी रकम जफत गरी संझौता रद्द गर्नेछ । यस सम्झौताको अधिनमा रही दायित्व परिवर्तनको हकमा यसले बाधा पार्ने छैन ।

ख. आफ्नो सम्पत्तिको संरक्षण र रेखदेख आफैले गर्नुपर्नेछ ।

ग. प्रथम पक्ष संग व्यवसायिक प्रयोजनमा लिएको जग्गाको जम्मा क्षेत्रफल...... ...............को भाडा प्रतिधुर मासिक रु.१२५।- का दरले प्रथम पक्षलाई बुझाउनु पर्नेछ । प्रत्येक २/२ वर्षमा ५ प्रतिशतका दरले भाडा वृद्धि हुनेछ ।

घ. तोकिए बमोजिमको भाडा नबुझाएमा अर्को किस्ता बुझाउने समय सम्म ३ प्रतिशतका दरले र त्यस पछि प्रति किस्ता ५ प्रतिशतका दरले जरिवाना समेत बुझाउनु पर्नेछ ।

ङ. दोश्रो पक्षले लिज भाडामा लिएको जग्गाको भाडा वार्षिक २ किस्तामा गरी (६/६ महिनामा) अग्रिम रुपमा एकमुष्ट रुपमा प्रथम पक्षको कार्यालयमा आई बुझाउनु पर्नेछ ।

च. दोश्रो पक्षले लगातार ३ वर्ष सम्म भाडा रकम नबुझाएमा बुटवल अटो इन्जिनियरिङ एशोसियसनको सिफारिसमा यसै संझौता बमोजिमको दोब्बर जरिवाना गरी प्रथम पक्षले संझौता रद्ध गर्न सक्नेछ ।

छ. प्रथम पक्षको स्वीकृतिमा जुन व्यवसायिक प्रयोजनका लागि जग्गा लिज संझौता गरिएको हो सोही प्रकृतिको व्यवसाय संचालन गर्न बहाल संझौता परिवर्तन गर्न सकिने छ । अटो व्यवसाय बाहेक अन्य व्यवसाय संचालन गर्ने गरी भाडा लिज संझौता दायित्व परिवर्तन गर्न पाइने छैन ।

ज. दोश्रो पक्षले वातावरणीय र नदी स्वच्छतामा प्रतिकूल असर नपर्ने गरी व्यवसाय संचालन गर्नुपर्नेछ । जथाभावी फोहर फाल्न पाइने छैन । प्रथम पक्षले तोके बमोजिमको फोहर व्यवस्थापन शुल्क बुझाउनु पर्नेछ।

झ. तोकिएको स्थान भन्दा वाहिर, सडक मापदण्ड विपरित अरुलाई बाधा पर्ने गरी गाडी मर्मत गर्न वा अन्य सामग्रीहरु राख्न पाइने छैन ।

ञ. आफ्नो व्यवसाय दर्ता गरेर मात्र संचालन गर्नु पर्नेछ । प्रत्येक वर्ष व्यवसाय नविकरण गरी प्रथम पक्षले तोके वमोजिमको व्यवसाय कर बुझाउनु पर्नेछ ।

ट. प्रथम पक्ष संग गरिएको बहाल संझौता पत्र र व्यवसाय दर्ता प्रमाणपत्र सवैले देख्ने गरी राख्नु पर्नेछ ।

ठ. दोश्रो पक्षले आफूले वहाल संझौता गरी लिएको जग्गा छाड्न चाहेमा लिखित रुपमा ३ महिनाको पूर्व सूचना दिई मात्र छाड्न सक्नेछ । त्यस्तो सूचना प्रथम पक्षको अतिरिक्त बुटवल अटो इन्जिनियरिङ एशोसियसनलाई समेत दिनु पर्नेछ ।

३. अन्य व्यवस्थाः

क. अटो भिलेज क्षेत्रको भौतिक पूर्वाधार विकासका लागि प्रथम पक्षले बुटवल अटो इन्जिनियरिङ एशोसियसन संग समन्वय र सहमतीमा निर्माण कार्य अगाडी बढाइने छ ।

ख. अटो भिलेज क्षेत्रको विकासका लागि संघ, प्रदेश सरकार तथा दातृ संस्थाहरुको सहयोगमा कार्य गर्दा बुटवल अटो इन्जिनियरिङ एशोसियसन संगको समेत समन्वयमा कार्यान्वयन गरिने छ ।

ग. यो संझौता कार्यान्वयन गर्दा कुनै समस्या आई विवाद भएमा दुवै पक्षको आपसी सहमतीबाट विवाद समाधान नभएमा प्रथम पक्षले मनोनयन गरेको १ जना, बुटवल अटो इन्जिनियरिङ एशोसियसनले मनोनयन गरेको १ जना र प्रथम पक्ष र बुटवल अटो इन्जिनियरिङ एशोसियसनको सहमतीमा मनोनयन गरेको मेलमिलापकर्ता द्धारा गरिने निर्णय दुवै पक्षलाई मान्य हुनेछ ।

घ. अटो भिलेजको संचालन, व्यवस्थापनका सम्बन्धमा बुटवल उपमहानगरपालिका र बुटवल अटो इन्जिनियरिङ एशोसियसन बीच भए गरेका र हुने संझौता यसै संझौताको अभिन्न अंग मानिनेछ ।

ङ नयाँ संझौताका पक्षले वहाल संझौता गर्दा ३ महिनाको वहाल रकम बरावरको धरौटी रकम राख्नु पर्नेछ। विगतमा धरौटी रही राखेको अवस्थामा सो रकम धरौटीकै रुपमा यथावत राख्नुपर्नेछ ।

च अटो भिलेज स्थापना हुँदाका बखत भए बमोजिमका नक्शाकन र रेखाङ्कनलाई न्यूनतम मापदण्डमा राखि विकास निर्माण कार्यलाई अगाडी बढाइनेछ ।

छ. दुवै पक्षको आपसी सहमतीमा पुन संझौता गरिनेछ ।

ज. यो संझौताको अवधि २०७५ साल श्रावण १ देखि नै लागू भएको मानी २०९५ साल आषाढ मसान्त सम्म २० वर्षको हुनेछ ।

झ. यो संझौतामा उल्लेख भएकोमा सोही वमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

## बहालमा लिनेको विवरण

फोटो

नाम थरः

ठेगाना :

सडकको नाम : घर नं.: सम्पर्क नं.:

पिता नाम : :

बाजेको नाम :

फर्मको नाम :

व्यवसायको किसिम :

प्लट नं. : जगगाको क्षेत्रफल :

मासिक बहाल रकम :- अक्षेरुपी ..................................................................मात्र ।

बहालमा लिनेको तर्फबाट

(दोश्रो पक्ष)

दस्तखत :

नाम, थर :

औंठाको छाप

| दाय | बायां |
|---|---|
| | |

बहालमा दिने बुटवल उप महानगरपालिकाको तर्फबाट

(प्रथम पक्ष)

दस्तखत :

नाम :

दर्जा :

उपस्थिति/रोहवर:

१.

२.

३.

ईति सम्बत २०७६ साल ....................महिना ........... गते रोज .......... मा शुभम् ।

**प्रस्ताव नं. ५४.७**

फुटपाथको अव्यवस्थित पार्किंगमा जरिवाना गर्ने सम्बन्धमा ।

**निर्णय नं. ५४.७**

फुटपाथमा पार्किगं गरी आवागमनमा अवरोध पुर्‍याई पार्किगं गर्ने,जथाभावी रुपमा वर्कशप बनाई फोहरमैला तथा विभिन्न सामान बिक्री वितरण गर्ने तथा मर्मत संभारको रुपमा जथाभावी सामान राखी पैदलयात्रीको आवागमनमा वाधा एंव असुरक्षित बनाएको अवस्थामा त्यस्तो आवागमनमा बाधा पुर्‍याउने व्यक्ति,फर्मलाई जरिवाना गर्ने सम्बन्धमा अध्ययन गरी सिफारिस प्रतिवेदन पेस गर्ने प्रयोजनका लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १.उप प्रमुख गुमादेवी आचार्य | संयोजक |
| २ वडा अध्यक्ष श्री टंक प्रसाद पराजुली | सदस्य |
| ३ वडा अध्यक्ष श्री तेज प्रसाद सुनार | सदस्य |
| ४.वडा अध्यक्ष श्री जगदिश प्रसाद आचार्य | सदस्य |
| ५ वातावरण ईन्जिनियर श्री योगेश चापागाई | सदस्य सचिव |

**प्रस्ताव नं. ५४.८**

शिक्षाको बार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/०७७ स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं. ५४.८**

शिक्षातथाजनस्वास्थ्य महाशाखाबाट पेस हुनआएको बुटवल उपमहानगरपालिकाको शिक्षाको बार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/०७७ स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५४.९**

अस्थायी ल्याण्डफिल साईटको सम्भावित स्थल पहिचान तथा सिफारिस कार्यदलको प्रतिवेदन सम्बन्धमा ।

**निर्णय नं. ५४.९**

अस्थायी ल्याण्डफिल साईटको सम्भावित स्थल पहिचान तथा सिफारिस कार्यदलको प्रतिवेदन आजको बैठकमा पेसभयो । बुटवल उपमहानगरको हाल प्रयोग भैरहेको ल्याण्डफिल साईटमा फोहर व्यवस्थापन गर्ने ठाउ अभाव हुने देखिएकोले कार्यदलले सिफारिस गरेबमोजिम वडा नं.१७ को उपयुक्त भनी सिफारिस गरिएको स्थानमा तत्काल आवश्यक न्यूनतम पूर्वाधार तयार गरी अस्थाई ल्याण्डफिल्ड साईटको रुपमा प्रयोग गर्ने निर्णय गरियो ।

१८

**प्रस्ताव नं. ५४.१०**

नगर योजना आयोगको गठन तथा संचालन सम्बन्धी नियमावली,२०७५ संशोधन सम्बन्धमा ।

**निर्णय नं. ५४.१०**

नगर योजना आयोग गठन तथा सञ्चालन सम्बन्धी नियमावली,२०७५ को नियम ३ (१) को (झ) मा रहेको अनुगमन मूल्यांकन महाशाखा प्रमुख सदस्य सचिव रहने गरि भएको व्यवस्थाको सट्टामा छैठौ तहको अधिकृतले पाउने पारिश्रमिक बराबर पाउनेगरि नगर योजनाका अध्यक्षले तोकेको १ जना सदस्य सचिव भन्ने शब्द राख्ने ।

**प्रस्ताव नं. ५४.११ विविध ।**

**प्रस्ताव नं. ५४.११.१**लोक सेवा आयोगबाट सिफारिस भई आएका कर्मचारीहरुकोसम्बन्धमा ।

**निर्णय नं. ५४.११.१**

लोक सेवा आयोगबाट सिफारिस भई आएका देहाय बमोजिमका कर्मचारीहरु कार्यालयमा हाजिर भएको व्यहोरा आजको बैठकमा जानकारी भयो ।

| सि.नं. | पद/तह | नाम |
|---|---|---|
| १. | सिभिल ईन्जिनियर छैठौ | प्रबीण भण्डारी |
| २. | सिभिल ईन्जिनियर छैठौ | निशा वन |
| ३. | कम्प्युटर ईन्जिनियर छैठौं | शुभाशिष कुंवर |
| ४. | वातावरण ईन्जिनियर छैठौं | योगेश चापागाई |

**प्रस्ताव नं. ५४.११.२**

जितगढी किल्लामा वीरगति प्राप्त वीर योद्धाहरुको Image(आकृति) पहिचानको प्रतिवेदन कार्यान्वयन सम्बन्धमा ।

**निर्णय नं. ५४.११.२**

सन् १८१४ -१८१६ मा नेपाल अंग्रेज युद्ध पश्चात नेपाल र अंग्रेज(इष्ट इन्डिया कम्पनी सरकार) बीच युद्धमा घटेका घटना तथा बीरगति प्राप्त गर्ने योद्धाकोविवरणलाई अभिलेखिकरण गरी व्यवस्थित गर्न आवश्यक देखिएकोले बुटवल उप-महानगरपालिकाको मिति २०७६/०७/१८ गतेको निर्णयानुसार ऐतिहासिक ज़ितगढी किल्लाको लडाईमा विजय प्राप्त गर्ने सन्दर्भमा शहादत प्राप्त गर्ने वीर देशभक्त योद्धाहरुको नामावली तथाImage( आकृति)पहिचान गर्न आवश्यक खोजका लागि श्री झपेन्द्र बहादुर जि.सि.को संयोजकत्वमा गठित कार्यदलबाट प्राप्त प्रतिवेदन बमोजिम सिफारिस भएका

नामावलीलाई ग्रहण एंव स्वीकार गरी प्रतिवेदनले दिएको नामावलीको प्राथमिकताको आधारमा स्वीकृत बजेटको परिधि भित्र रही प्रस्तावित वीर सैन्य जवान र नेपाली नागरिकहरुको Image( आकृति) सहितको शालिकक्रमश:तयार गरी जितगढी किल्ला परिसरमा स्थापना (राख्न) गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५४.११.३**

जिल्ला समन्वय समितिको कार्यालयमा योजना छनौट गरि पठाउने सम्बन्धमा ।

**निर्णयनं. ५४.११.३**

जिल्ला समन्वय समितिको कार्यालय रुपन्देहीको मिति २०७६/१०/०८ च.नं. ३५७ को पत्रानुसार निम्न बमोजिमको योजनाहरु छनौट गरी पठाउने र सो बमोजिमको रकम रु.७५ लाख निकासाको लागि अनुरोध गर्नेनिर्णय गरियो ।

क) संगमपथ नाली तथा सडक पीच निर्माण वडा नं. ४ रु.२५ लाख ।

ख) हाटबजार हुदै विकासपथ जोड्ने सडक पीच निर्माण वडा नं. ५ रु.२५ लाख ।

ग) अनिसपथ,भिमसेनपथ र अमर सिंहपथ सडक पीच निर्माण वडा नं. ७ रु.२५ लाख ।

**प्रस्तांव नं. ५४.११.४**

बुटवल उपमहानगरपालिकाको ६१ औं स्थापना दिवस मनाउने सम्बन्धमा ।

**निर्णय नं. ५४.११.४**

यस बुटवल उपमहानगरपालिकाको ६१ औं स्थापना दिवस यहि २०७६ फाल्गुण ३ गते भव्य समारोह सहित मनाउने,उक्त दिन ५ नं.प्रदेश गठन भएको उपलक्ष्यमा प्रदेश सरकारले भव्य रुपमा प्रदेश स्थापना दिवस मनाउने सन्दर्भमा प्रदेशको तेस्रो स्थापना दिवस र यस उपमहानगरपालिकाको ६१ औं स्थापना दिवसको मूल समारोहको कार्यक्रम संयुक्त रुपमा एकै स्थानबाट गर्ने गरी निर्णय भए बमोजिम २०७६/११/०३ गते दिउसो १०.०० बजे बुटवल राजमार्ग चौराहाबाट बाजागांजा,झांकी सहित प्रभातफेरी गरी बुटवल बहुमुखी क्याम्पसमा गई मूल समारोहमा सहभागी हुने,सांझ दिपावली गर्ने निर्णय गरियो । साथै उक्त समारोहका लागि निम्न बमोजिमको समितिलाई निम्न बमोजिमको जिम्मेवारी तोक्ने समेत निर्णय गरियो ।

१. जनपरिचालन तथा यातायात व्यवस्थापन गर्ने कार्यको संयोजन पूर्वाधार विकास समितिले गर्ने ।

२. झांकी र्‍याली तथा प्रभातफेरी व्यवस्थापन कार्यको संयोजन सामाजिक विकास समितिले गर्ने ।

३. प्रचार प्रसारलाई व्यवस्थित गर्ने कार्यको संयोजन सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिले गर्ने ।

४. पुरस्कार सम्मान गर्ने तथा सहयोग गर्ने कार्यको संयोजन प्रमुख,उप प्रमुख,प्रमुख प्रशासकीय अधिकृत र सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिका संयोजकले गर्ने ।

५. २०७६/११/०२ गते विहान७.०० बजे प्रदेश राजधानीको मुख्य चोकहरुमा सरसफाई अभियान सञ्चालनका लागि वातावरण तथा अनुगमन महाशाखाले आवश्यक तयारी गर्ने । स्थापना दिवसको अवसरमा कुष्ठ रोग प्रभावित व्यक्तिहरुलाई खाधान्न वितरणको व्यवस्थापन गर्ने र नगर खेलकुद समिति द्वारा पेश भए बमोजिमका अतिरिक्त कियाकलापका कार्यक्रमहरु दैनिक सेवा प्रवाह अवरुद्ध नहुने गरी सञ्चालन गर्ने र सवै वडा समितिहरुले टोल विकास संस्थाहरुलाई सहभागिता गराउने ।

६. स्थापना दिवसका अवसरमा नगरको विकास र समृद्धिमा योगदान पुर्‍याउने विभिन्न संघ संस्था,प्रतिभाहरु मध्ये निश्चित मापदण्डका आधारमा छनौट सहित बिषयगत समितिहरुको सिफारिस२०७६/११/०१ गते ११.०० बजे भित्र पेश गर्न लगाउने र देहायका बिषयगत विधालाई समावेश गर्ने।

क) करदाता सम्मान । (नगर तथा वडा स्तरीय)

ख) उपभोक्ता समिति पुरस्कार । (नगर स्तरीय)

ग) टोल विकास संस्था सम्मान । (वडा स्तरीय)

**प्रस्ताव नं. ५४.११.५**

भ्रमण वर्ष २०२० मनाउने सम्बन्धमा ।

**निर्णय ५४.११.५**

नरेनापुर धामको बृहत मेलाको उदघाटन तथा कपरकट्टी बैठौलिया तालमा डुङ्गा संचालन प्रारम्भ गरी भ्रमण वर्ष २०२० मनाउने र यसको लागि मुख्य मन्त्री प्रदेश नं.५ लाई आमन्त्रण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५४.११.६**

कोरोना भाईरस सम्बन्धमा ।

**निर्णय नं. ५४.११.६**

नोवेल कोरोना भाईरस संक्रमण रोक्न भगिनी सहर Xianलाई सानो भए पनि सहयोग पुऱ्याउने गरी रु.३ लाख सम्मको सम्भव भए सम्म स्थानीय स्तरमा उत्पादन भएको मास्क र सेनिटाइजर खरिद गरि दु:खको साथीको रुपमा बुटवलले सदभाव स्वरुप Xian City Governmentलाई यथाशीघ्र उपयुक्त माध्यमबाट पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५४.११.७**

कालिका मानवज्ञान मा.वि.लाई वन क्षेत्रको जग्गा उपलब्ध गराउन सिफारिस गर्ने सम्बन्धमा ।

**निर्णय ५४.११.७**

बुटवल उपमहानगरपालिका वडा नं.१० स्थित कालिका मानवज्ञान विद्यालय देशकै नमूना विधालयको रुपमा दर्ता भइसकेको र सो विधालयको नाममा प्रयाप्त जग्गा समेत नहुदा उक्त विधालयको भौतिक पूर्वाधार विकासमा वाधा परी पठन पाठनमा समेत कठिनाई भएको हुंदा १० नं.वडा कार्यालयको च.नं.४२७ मिति २०७६/०८/२२ को पत्र समेतको आधारमा कालिका मानवज्ञान मा.वि. सेक्टर २ को नाममा रहेको (साविक १२) नक्सा सिट नं.०९८-१२००-२० को कित्ता नं.१७ देखि उत्तर पूर्व तर्फको राष्ट्रिय वनको जग्गा मध्येबाट ३-०-० (तिन विगाहा) जग्गा कालिका मानवज्ञान मा.वि. सेक्टर २ लाई उपलब्ध गराउनका लागि प्रचलित कानुन बमोजिम प्रकृया अगाडी बढाउनसिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५४.११.८**

योजना सञ्चालन तथा कार्यान्वयन सम्बन्धमा ।

**निर्णय नं. ५४.११.८**

बुटवल उप-महानगरपालिकाबाट स्वीकृत बजेट तथा कार्यक्रमहरुमा स-साना योजनाहरुको संख्या बढी रहेको र स साना योजनाको सम्झौता गर्न नगरकार्यपालिका कार्यालयमा आउनुपर्दा समय लम्बिने तथा उपभोक्ता समितिलाई पनि सहज नहुने बिषयलाई दृष्टिगत गरी रु.१५ लाख सम्म लागत अनुमान भएका उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने पूर्वाधार सम्बन्धी नगर स्तरीय कार्यक्रमहरु समेत वडा

कार्यालयबाट हुने आर्थिक कारोवार सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७६ बमोजिम नै वडा कार्यालयबाटै सम्झौता गरी कार्यान्वयन गर्ने गरी वडा कार्यालय लाई अधिकार दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ५४.११.९**

उप प्रमुख गुमा देवी आचार्यको नेतृत्वमा गएको मित्रराष्ट्र चीनको Xian Cityभ्रमण सम्बन्धी जानकारी सम्बन्धमा ।

**निर्णय नं. ५४.११.९**

मित्रराष्ट्र चीनको Xian Cityभ्रमणको उपलब्धि सम्बन्धमा आजको बैठकमा उप प्रमुखज्यूलेजानकारी गराउनु भयो । साथै उक्त भ्रमणको अवसरमा मित्रराष्ट्र चीनको Xian Railway Vocational & Technical Instituteसंग भएको द्वीपक्षीय सम्झौता समेत अनुमोदन गर्ने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।